# खुला विद्यालय शिक्षा समकक्षता सम्बन्धी कार्यविधि २०७३

**प्रस्तावना**

वैदेशिक शैक्षिक संस्थाबाट विद्यालय शिक्षाको विभिन्न तहको अध्ययन पुरा गरेका आवेदकहरूलाई तोकिएका कार्यविधिअनुसार सम्बन्धित संस्थाहरूले समकक्षता दिने गरेको छन् । यो कार्यविधि निर्माण हुनुभन्दा अगाडि वैदेशिक शैक्षिक संस्थाबाट विद्यालय तहको खुला शिक्षाका कार्यक्रमहरूमा सहभागी भई समकक्षताका लागि प्रक्रियामा रहेका र वैदेशिक शैक्षिक संस्थाद्वारा सञ्चालित विद्यालय तहको खुला विद्यालय कार्यक्रममा समेत अध्ययन गरी समकक्षता माग गरिरहेका सन्दर्भमा वैदेशिक शैक्षिक संस्थाहरूबाट खुला पद्धतिको विद्यालय तहको कार्यक्रममा अध्ययन गरेका व्यक्तिहरूका लागि नेपालको राष्ट्रिय पाठ्यक्रमसँग तादात्म्यता कायम गरी समकक्षता प्रदान गर्ने कार्यलाई व्यवस्थित बनाउन यो कार्यविधि निर्माण गरिएको छ ।

## परिच्छेद : १ सङ्क्षिप्त नाम, प्रारम्भ, परिभाषा र उद्देश्य

### १.१ सङ्क्षिप्त नाम र प्रारम्भ

१.१.१ यो कार्यविधिको नाम खुला विद्यालय शिक्षा समकक्षता सम्बन्धी कार्यविधि २०७३, रहेको छ ।

१.१.२ यो कार्यविधि शिक्षा मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

### १.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ लाई सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ लाई सम्झनु पर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले शिक्षा विभाग सम्झनु पर्छ ।

(ङ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले शिक्षा मन्त्रालयअन्तर्गत रहेको पाठ्यक्रम विकास केन्द्र सम्झनु पर्छ ।

(च) “उच्च माध्यमिक शिक्षा परिषद्” भन्नाले उच्च माध्यमिक शिक्षा ऐन २०४६ अनुसार गठित उच्च माध्यमिक शिक्षा परिषद् सम्झनु पर्छ ।

(छ) “खुला विद्यालय” भन्नाले दूर शिक्षाको माध्यमबाट दूर शिक्षा/खुला सिकाइ विद्यालय तहको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने दूर शिक्षा समितिले सम्बन्धन प्रदान गरेको संस्थालाई जनाउँदछ । यस पद्धतिमार्फत् सञ्चालन गरिने शिक्षालाई वैकल्पिक विद्यालय तथा विद्यालय शिक्षाका लागि दोस्रो अवसरको रूपमा जनाउँछ ।

(ज) “दूर शिक्षा/खुला सिकाइ” भन्नाले पत्राचार, श्रव्य, दृश्य, श्रव्य दृश्य प्रविधिमा आधारित शिक्षा वा अन्य कुनै पनि सञ्चार माध्यमबाट दिइने शिक्षा सम्झनु पर्दछ ।

(झ) “सम्बन्धन” भन्नाले प्रचलित कानुन बमोजिम खुला विद्यालय पद्धतिबाट विद्यालय तहको शैक्षिक कार्यक्रम सञ्चालन गर्न दिइएको स्वीकृति वा अनुमति सम्झनु पर्छ ।

(ञ) “समकक्षता” भन्नाले कुनै तह सरहको उपाधि हो भनी प्रमाणित गरिएको कागजात सम्झनु पर्छ ।

**१.३ उद्देश्य**

१.३.१ वैदेशिक खुला विद्यालय पद्धतिमा अध्ययन गरेका विद्यार्थीहरूको विद्यालय शिक्षा सरहको उपाधिको समकक्षताको प्रक्रियालाई व्यवस्थित गर्ने ।

## परिच्छेद - २

## विद्यालय तहको खुला पद्धतिका शिक्षाका कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

२.१ नेपालमा खुला विद्यालय पद्धतिका शिक्षाको कार्यक्रमहरू नेपाल सरकार, शिक्षा मन्त्रालयको निर्णयमा सञ्चालन हुने छन् ।

२.२ विभिन्न निकायहरूबाट सञ्चालित विभिन्न तहका कार्यक्रमहरूको व्यवस्थित सञ्चालनका लागि एकीकृत निर्देशिका विकास गरी कार्यान्वयन गरिने छ ।

## परिच्छेद - ३

## विद्यालय तहको खुला पद्धतिबाट विदेशमा अध्ययन गरेका विद्यार्थीको समकक्षता

३.१ कक्षा १० वा एसएलसी सरहको उपाधिको समकक्षता निर्धारणको कार्य पाठ्यक्रम विकास केन्द्रबाट र कक्षा ११/१२ वा सो सरहको उपाधिको समकक्षता निर्धारणको कार्य उच्च माध्यमिक शिक्षा परिषद्बाट हुनेछ । यसरी समकक्षता प्रदान गर्दा नेपालको विद्यालय शिक्षाको सम्बन्धित तहको पाठ्यक्रममा आधारित भई गर्नु पर्ने छ । समकक्षता दिँदा नेपालको विद्यालय शिक्षामा प्रचलनमा रहेका साधारण शिक्षा, प्राविधिक शिक्षा, संस्कृत, वेद विद्याश्रम, गुरुकुल, गोन्पा र मदरसाको नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रममा आधारित भई गर्नु पर्ने छ । खुला विद्यालय पद्धतिबाट उपाधि प्राप्त कुनै व्यक्तिले विद्यालय शिक्षाको कुनै तहका लागि समकक्षताका लागि निवेदन पेस गरेमा नेपाल सरकारबाट स्वीकृत विद्यालय शिक्षा तहको पाठ्यक्रमसँग मिल्दो किसिमको र पाठ्यक्रमअनुसारको उपाधि हासिल गरेको देखिएमा प्रचलित प्रक्रियाबमोजिम समकक्षता दिनु पर्नेछ ।

३.२ समकक्षता प्रदान गर्ने सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत विद्यालय शिक्षाको सम्बन्धित तह/कक्षाको पाठ्यक्रमसँग मिल्दो नभएमा वैदेशिक शैक्षिक संस्थाबाट प्रदान गरिएको उपाधि प्राप्त गरेका विद्यार्थीको निवेदन उपर कारवाही गर्दा समकक्षता प्रदान गर्नु पूर्व समकक्षताको स्तर परीक्षण प्रयोजनका लागि परीक्षा सञ्चालन गर्नु पर्नेछ । एसएलसी सरहको माध्यमिक तहका लागि अङ्ग्रेजी, गणित र विज्ञान विषयको १००/१०० अङ्क गरी ३०० पूर्णाङ्कको ३/३ घण्टाका दरले ९ घण्टा र उच्च माध्यमिक तहका लागि अङ्ग्रेजी र सम्बन्धित परीक्षार्थीले अध्ययन गरेको मुख्य दुई विषय गरी तिन विषयको १००/१०० अङ्क गरी ३०० पूर्णाङ्कको ३/३ घण्टाका दरले ९ घण्टाको परीक्षा सञ्चालन गरी त्यस्तो परीक्षामा कम्तीमा ४० प्रतिशत अङ्क हासिल गर्ने व्यक्तिहरूलाई सम्बन्धित तह सरहको समकक्षताको प्रमाण पत्र प्रदान गर्नु पर्नेछ । नेपालको विद्यालय शिक्षाको सम्बन्धित तह/कक्षा/विषयको पाठ्यक्रमसँग मिल्दो भएमा त्यस्तो विषयको परीक्षा दिनु पर्ने छैन । परीक्षाको विस्तृत विषय वस्तु, समय र स्थान निर्धारण लगायतका कार्य समकक्षता प्रदान गर्ने संस्थाले निर्धारण गरेबमोजिम हुनेछन् ।

३.३ यो कार्यविधि जारी हुनुपूर्व वैदेशिक शैक्षिक संस्थाका खुला विद्यालय शिक्षा पद्धतिबाट उपाधि प्राप्त गरी समकक्षताका लागि निवेदन दिएका र यो कार्यविधि जारी हुनु पूर्व यस्तो पद्धतिमा अध्ययन पुरा

गरी उपाधि हासिल गरी प्रमाण पत्र प्राप्त गरेका विद्यार्थीहरूको समकक्षताको लागि यो कार्यविधि स्वीकृत भई जारी भएको मितिले ३५ दिनको अवधि तोकी शिक्षा मन्त्रालयले एकपटकका लागि सम्बन्धित सबैका जानकारीका निम्ति सार्वजनिक सूचना जारी गर्नेछ । सो अवधिभित्र समकक्षताका लागि पेस भएका निवेदनहरूको विद्यमान निर्देशिकाबमोजिम सम्बन्धित निकायले समकक्षता प्रदान गर्नेछ ।

३.४ समकक्षताका लागि सञ्चालन गरिने पहिलो परीक्षा यो कार्यविधि स्वीकृत भएको ६ महिनाभित्र र त्यसपछि त्यस्तो परीक्षा सञ्चालन गर्दा समकक्षता प्रदान गर्ने संस्थाले सो तहको नियमित/मौका/पुरक परीक्षाको समय तालिकाबमोजिम निर्धारण गर्न सक्ने छन् ।

३.५ समकक्षताका लागि सञ्चालन गरिने परीक्षाको प्रश्न सम्बन्धित तह र विषयको पाठ्यक्रमका आधारमा निर्माण गर्नु पर्नेछ ।

३.६ समकक्षताका लागि परीक्षा दिनु पर्ने विद्यार्थीले समकक्षताका लागि निवेदन दिँदा समकक्षता दिने संस्थाले तोकेबमोजिमको राजश्व तिनु पर्नेछ ।

३.७ यो कार्यविधि जारी भएपछि हासिल भएका वैदेशिक शैक्षिक संस्थाका खुला विद्यालय शिक्षा सम्बन्धी उपाधिको समकक्षता यसै कार्यविधिको परिच्छेद ३ बमोजिम हुने छ । माथि जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि जारी भएपछि वैदेशिक शैक्षिक संस्थाबाट नेपालमा कार्यक्रम सञ्चालन गरेको भनी जारी गरिएका खुला विद्यालय पद्धतिका शैक्षिक उपाधिलाई समकक्षता प्रदान गरिने छैन ।

## परिच्छेद-४

## विविध

४.१ यो कार्यविधि जारी हुनु पूर्व भएका खुला विद्यालय शिक्षा पद्धति सम्बन्धी समकक्षता प्रदान गर्ने सम्बन्धी कार्यहरू यसै कार्यविधिबमोजिम भएको मानिने छन् ।

४.३ खुला विद्यालय पद्धतिको शिक्षाको कुनै उपाधिलाई समकक्षता दिएकामा पछि प्राप्त प्रमाणका आधारमा गलत ठहरिएमा उक्त मान्यता वा समकक्षता रद्द हुनेछ । गलत मनसायले निवेदन पेस गरेमा वा प्रमाण पत्रका आधारमा गलत ठहरिई समकक्षता हुन नसकेका व्यक्तिले पछि समकक्षता गर्न चाहेमा त्यस्ता व्यक्तिको निवदेन स्वीकृत गरिने छैन ।

४.४ यो कार्यविधिका प्रावधानहरूका सम्बन्धमा कुनै अन्यौल तथा दुविधा भएमा मन्त्रालयको व्याख्या नै अन्तिम हुने छ ।

४.५ यो कार्यविधि विपरीत हुने गरी खुला विद्यालय पद्धतिसम्बन्धी कार्य गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारवाही हुनेछ ।